दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १२८ | बुटवल | २०८३ बैशाख २५ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday May 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बरः ९८०१८२७९५०**


### भूमिहीन/अव्यवस्थित बसोवासीको वृहत् प्रदर्शनः

# 'डोजर आतंक नरोके सरकारको दिनगन्ती सुरु'

**कुनै पनि भूमिहीन र अव्यवस्थित बसोवासीको घरमा डोजर चले डेढ लाख जनता सडकमा उत्रिने र जनप्रतिनिधि, वन कार्यालय प्रमुखका घर घेर्ने चेतावनी दिएका छन् ।**














**लुम्बिनी संवाददाता**

*बुटवल*

डोजर आतंक बन्द गर्न माग गर्दै बुटवलमा भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीले प्रदर्शन गरेका छन् । नेपाल भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समितिले बिना विकल्प बस्ती खाली गर्ने कार्य रोक्न माग गर्दै प्रदर्शन गरेको हो ।

बुटवलको राजमार्ग चौराहाबाट सुरु भएको प्रदर्शनमा सहभागीहरुले प्रधानमन्त्री बालेनको राजीनामा माग्दै सरकारविरुद्ध चर्को नाराबाजी गरेका छन् । सरकारले पहिला वास्तविक भूमिहीन तथा अव्यवस्थित बसोवासीको पहिचान गरेर विगतका सरकारको पालामा भूमि आयोगले व्यवस्था गरेअनुसार व्यवस्थापन गर्न र लालपुर्जा दिनुपर्ने प्रदर्शनकारीको माग छ । उनीहरुले डोजर आतंक बन्द गर, नागरिकलाई विस्थापित होइन स्थापित गर, हाम्रो कर र मत वैध हामी बसेको जमिन कसरी अवैध, नागरिकलाई आत्महत्या गर्न बाध्य पार्न बन्द गर, मानवअधिकारको सम्मान गर, विकासको नाममा विनाश स्वीकार्य छैनलगायतका नारा लेखिएका प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

भूमिहीन र अव्यवस्थित बसोवासीको जुलुस अस्पताललाइन हुँदै ट्राफिकचोकमा पुगेर सभामा परिणत भएको थियो । सभामा बोल्दै संघर्ष समितिका सल्लाहकार वीरेन्द्र विकले सुशासन र लालपुर्जा पाउने आशामा मतदान गरेका नागरिकले अहिले डोजर आतंक भोग्नुपरेको गुनासो गरे । उनले डोजर आतंक बन्द नगरे सरकारको दिनगन्ती सुरु हुने चेतावनी दिए।

'वर्षौंदेखि बसोबास गर्दै आएका नागरिकलाई अवैध भन्दै उठिवास लगाउन खोजिए सशक्त प्रतिरोध हुने छ,' उनले प्रश्न गर्दै भने-'भूमिहीन र अव्यवस्थित बसोवासीको मत र कर वैध, तिनै नागरिक बसेको जमिन कसरी अवैध हुन्छ ?'

विकले आफूहरु बसेको जमिन अवैध हो भने बालेन सरकार पनि अवैध हुने भन्दै बुटवलबाट सरकारविरुद्ध प्रतिरोधको आँधी ल्याउने चेतावनी दिए । 'बुटवल अंग्रेज फौजलाई हराएको ऐतिहासिक ठाउँ हो, डोजर आतंक नरोके यहाँबाटै सरकारको दिनगन्ती सुरु हुने छ,' विकले चेतावनी दिंदै भने-'रूपन्देहीमा मात्र ७९ हजार २६१ जना सुकुम्वासी र अव्यवस्थित बसोवासी छन्, उनीहरूको कुनै पनि बस्तीमा डोजर आएमा डेढ लाख मानिस सडकमा उत्रिने छन् ।'

वि.सं. १९७९ भन्दा अगाडि देशका सबै जग्गा सरकारी रहेको उल्लेख गर्दै विकले प्रधानमन्त्री बालेनका पिताले पनि राजा महेन्द्रको पालामा हुकुम प्रमाङ्गीका आधारमा बिघौं बिघा जग्गा प्राप्त गरेको उल्लेख गर्दै एउटै देशका नेपालीलाई दुईथरि नागरिकको जस्तो व्यवहार नगर्न चेतावनी दिए । 'बालेनका बुबालाई पनि राजा महेन्द्रले नै जग्गा दिएका हुन्, यो देशको सबै जग्गा राज्यकै हो,' विकले भने-'एउटै देशमा एउटै नेपालीलाई दुईटा नागरिकको जस्तो व्यवहार गर्न पाइँदैन, कि त राज्यले सबै जग्गा आफ्नो नाममा राखेर जनतालाई समान रूपमा चलाउन दिनुपर्छ ।'

विकले कुनै पनि भूमिहीन र अव्यवस्थित बसोवासीको घरमा डोजर चले जनप्रतिनिधिका घर घेर्ने चेतावनी दिए । 'यदि कुनै पनि सुकुम्वासी बस्तीमा डोजर चलाइयो भने देशभरका सुकुम्वासीहरू एकजुट भई सम्बन्धित नगरपालिकाका मेयर र जनप्रतिनिधिहरूको घर घेर्ने र भौतिक क्षति पुर्‍याउन सक्ने छन्,' उनले चेतावनी दिंदै भने-'हामी डराएका छैनौँ, बस्ती उजार्दा कसैको छातीमा गोली लाग्छ भने हामी टुलुटुलु हेरेर बस्दैनौँ ।' विकले पालिकाहरुलाई ज्ञापन पत्र बुझाउने र माग पूरा नभए देशभरका भूमिहीन र अव्यवस्थित बसोवासीहरूलाई रुपन्देहीमा जम्मा गरी सशक्त आन्दोलनको घोषणा गर्ने बताए ।

निर्वाचनका बेला सुकुम्वासी बस्तीमा डोजर चले छाती थाप्न आउँछु भनेका रास्वपा सभापति रवि लामिछानेलाई कटाक्ष गर्दै विकले त्यसरी मत मागेका नेताहरू अहिले गरिबको बस्तीमा डोजर लगाउन उद्धत रहेको बताए । 'कोठाभित्र बसेर कमेन्ट हानेको भरमा हामी डराउँदैनौँ, हामी फिल्डमै आएर भन्छौँ ।'-उनले भने ।

नेपालको संविधान २०७२ को धारा १६ देखि २२ सम्मका प्रावधान र भूमि ऐन २०७८ ले एक पटकका लागि बसेको ठाउँको लालपुर्जा दिने व्यवस्था गरेको उल्लेख गर्दै विकले भूमि समस्या समाधान आयोगले लालपुर्जा दिने निर्णय गरिसक्दा पनि आयोगका कर्मचारीहरूले सूचना जारी नगरेकोमा आपत्ति जनाए ।

विकले स्थानीय तहका जनप्रतिनिधि र वन कार्यालयका प्रमुखहरुलाई सुकुम्वासी र अव्यवस्थित बस्ती हटाउने सूचना तत्काल रोक्न माग गर्दै जबरजस्ती हटाउन खोजे प्रतिरोध हुने चेतावनी दिए। 'वर्षौंदेखि बसेको र राज्यले खानेपानी, विद्युत्, सडक जस्ता सुविधा दिएको र जनताबाट कर लिइरहेको हुनाले आफ्नै थातथलोमा लालपुर्जा पाउनु नैसर्गिक अधिकार हो, यसमा दायाँ बायाँ गर्न पाइदैन ।'-विकले भने ।

अर्का वक्ता वीरमान लामाले सुकुम्वासी र अव्यवस्थित बसोवासीमाथि ज्यादती गरेकाले यो सरकारलाई घुँडा टेकाउनुपर्ने बताए । सरकारको ज्यादतीले लाखौं नागरिक रातमा सुत्न नसकेर आतंकित बनेको उनको भनाइ थियो ।

अर्का वक्ता राजु शाहीले बालेन सरकारले ५० वर्षदेखि बसोबास गरेका नागरिकका घर, मठ मन्दिर, गुम्बामा डोजर चलाएर मानवता, धर्म संस्कृति विरोधी काम गरेको भन्दै रुपन्देहीमा डोजर चलाए प्रतिकार हुने चेतावनी दिए । सुकुम्वासी र अव्यवस्थित बसोवासीमाथि गरेको अत्याचारका कारण आगामी निर्वाचनमा रास्वपाको कन्तविजोग हुने उनले तर्क गरे ।

संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलले विगतका सरकारले गरेको काम र तोकेको मापदण्डलाई आधार बनाएर अहिलेको सरकारले सुकुम्वासी र अव्यवस्थितलाई न्यायोचित व्यवस्थापन र लालपुर्जा दिन माग गरे ।

रुपन्देहीमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित गरी ८० हजार बढीले विघटित भूमि समस्या समाधान आयोगमा निवेदन दिएका थिए । विघटित आयोगका रुपन्देही अध्यक्ष कुमार थापामगरका अनुसार रुपन्देहीमा करिब एक लाख भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी रहेका छन् ।

## नापी कर्मचारीको बद्‌मासीले लालपुर्जा दिन पाइएन

बुटवल । सरकारले अध्यादेश जारी गरेपछि भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोवासीले यस पटक पनि लालपूर्जा पाउने आशा निराशामा परिणत भएको छ । विघटित भूमि समस्या समाधान आयोग रुपन्देहीका अनुसार जिल्लामा करिब ५८ हजार घर परिवारको जग्गा नापजाँच सम्पन्न भएको थियो । सबै प्रक्रिया पूरा भएर लालपुर्जा वितरणको अन्तिम तयारी भइरहेको अवस्थामा आयोग खारेज हुँदा वर्षौंदेखि लालपूर्जा कुरेर बसेका नागरिकहरूमा निराशा छाएको विघटित आयोग रुपन्देही अध्यक्ष कुमार थापाले बताए । आयोग रुपन्देहीले कतिपय पालिकाहरूमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूको लगत संकलन र प्रमाणीकरण गरी लालपुर्जा वितरण समेत गरिसकेको अवस्थामा आयोग खारेज हुँदा अन्य भूमिहीन र अव्यवस्थित बसोवासीहरूमाथि अन्याय भएको बताए । बुटवलमा पत्रकार सम्मेलन गर्दै आयोग रुपन्देहीका अध्यक्ष थापाले भूमिहीनका समस्या केवल राजनीतिक विषय मात्र नभई मानवीय र सामाजिक विषय भएको उल्लेख गरे । सरकारको निर्णयले वर्षौंदेखि जमिन जोतभोग गर्दै आएकाहरूको आशामाथि कुठाराघात भएको बताए ।

थापाका अनुसार रुपन्देहीमा लालपुर्जाका लागि ७९ हजार २६१ घरपरिवारले आयोगमा निवेदन दिएका छन् । तीमध्ये भूमिहीन दलित ३ हजार ७६, भूमिहीन सुकुम्वासी ६ हजार ७६१ र अव्यवस्थित बसोवासी ६९ हजार ४२६ परिवार छन् । तीमध्ये कञ्चन र सियारी गाउँपालिका तथा देवदहमा र सैनामैना नगरपालिकाका १ हजार ३८३ घरपरिवारलाई लालपुर्जा वितरण भइसकेको छ । बुटवल वडा नं. ११ का ६४६ परिवारलाई लालपुर्जा वितरण गर्न राजस्व बुझाउने सूचना निकाल्ने तयारी भइरहेका बेला सरकारले आयोग नै खारेज गरिदिएको उनले बताए । थापाले जेनजी आन्दोलनपछिको सरकारले खारेज गरेपछि काम गर्न नपाएको आयोगले मंसिर १५ गतेको सर्वोच्च अदालतको फैसलाअनुसार २०८२ पौष ९ गतेदेखि पुनः काम सुरु गरेको थियो । तर, नापी कार्यालयको असहयोगका कारण बैठक बस्न नसक्दा तयार भएका लालपुर्जा समेत वितरण गर्न नसकिएको उनले दाबी गरे ।

## लिपुलेकसहित नेपाली भूमि फिर्ता लिन प्रतिपक्षी दलको दबाब

बुटवल । नेपाली कांग्रेससहितका प्रतिपक्ष दलहरूले लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायतका नेपाली भूमि फिर्ता लिन सरकारले पर्याप्त कूटनीतिक पहल गर्नुपर्ने भन्दै दबाब दिएका छन् ।

बिहीबार सिंहदरबारमा बसेको सङ्घीय संसदको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा बोल्दै प्रतिपक्षी सांसदहरूले भारत र चीनले नेपाली भूमिलाई व्यापारिक नाकाको रूपमा प्रयोग गर्ने कार्य आपत्तिजनक रहेको भन्दै सरकारको ध्यानाकर्षण गराएका हुन् ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सांसद सन्दीप रानाले नेपाली भूमि फिर्ता ल्याउन सरकारले भारत र चीन दुवै मुलुकसँग प्रत्यक्ष वार्ता (टेबल टक) गर्न ढिलाइ गर्न नहुने बताए । कूटनीतिक नोट पठाएर मात्रै पर्याप्त नहुने उल्लेख गर्दै उनले भने-'लिपुलेक हाम्रो भूमि हो, यसलाई कैलाश मानसरोवर यात्राका लागि प्रयोग गरिएको छ ।

हामीले हाम्रा पौराणिक मान्यता र पर्यटन प्रवर्द्धनका विषयलाई पनि कूटनीतिक पहलको एजेन्डा बनाउनुपर्छ ।'

नेपालमा रहेका चारवटा कैलाशको प्रचार गरेर पर्यटनमार्फत पनि आफ्नो दाबी बलियो बनाउनुपर्ने उनको सुझाव छ ।

नेकपा (एमाले) की सांसद भूमिका लिम्बू सुब्बाले लिपुलेकका विषयमा भारतीय विदेश मन्त्रालयबाट आएको जवाफ गैरजिम्मेवारपूर्ण रहेको आरोप लगाइन् ।

नेपालले प्रश्न उठाउनु उपयुक्त छैन भन्ने भारतीय पक्षको तर्कलाई प्रतिवाद गर्न सरकारले ठोस नीति लिनुपर्ने उनको भनाइ छ ।

सांसद सुब्बाले यस विषयमा सबै राजनीतिक दलहरूसँग छलफल गरेर एउटा एकीकृत राष्ट्रिय धारणा बनाउन र सन्तुलित विदेश नीति अवलम्बन गर्न समितिको ध्यानाकर्षण गराइन् ।

अर्को प्रतिपक्ष दल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद प्रमेशकुमार हमालले लिपुलेक नाका प्रयोग गर्ने भारत र चीनको गतिविधिप्रति सरकारले जनाएको असहमति सकारात्मक भए पनि त्यो मात्रै पर्याप्त नभएको उल्लेख गरे । उनले बहुमत प्राप्त वर्तमान सरकारले बाँकी राजनीतिक शक्तिहरूलाई विश्वासमा लिएर अतिक्रमित भूमि फिर्ता ल्याउन कूटनीतिक प्रयासलाई तीव्रता दिनुपर्ने बताए ।

विगतका सरकारले गरेका पहलहरूलाई समेत आधार मानेर सीमा सुरक्षा र अतिक्रमण रोक्न ठोस कदम चाल्न उनले सरकारलाई आग्रह गरे ।

बैठकमा सांसदहरूले नेपालको सार्वभौमसत्ता र अखण्डतासँग जोडिएको यो गम्भीर विषयमा सरकारले अलमल नगरी छिमेकी राष्ट्रहरूसँग उच्चस्तरीय वार्ता गर्नुपर्नेमा जोड दिएका छन् । समितिका सदस्यहरूले राष्ट्रिय स्वार्थका मुद्दामा सबै दलहरू एक ठाउँमा उभिनुपर्ने र सरकारले त्यसको नेतृत्व गर्नुपर्ने धारणा राखेका छन् ।




२०८३ बैशाख २५, गते शुक्रबार
Friday May 08, 2026

दैनिक लुम्बिनी

## सम्पादकीय

# राज्य आतंक बन्द गरी समाधानको बाटो रोज

सातादेखि काठमाडौंको सुकुम्वासी बस्तीमा चलेको डोजरले १५ हजार नागरिक विस्थापित भएका छन् । उनीहरुको बास बस्ने छाप्रोमा राज्यले डोजर लगाएर भत्काइदिएको छ । बालबालिका पढ्ने स्कुललाई पनि डोजरले छोडेन् । त्यसैले बालबालिका स्कुल जान पाएका छैनन् । विस्थापित सुकुम्वासीलाई विभिन्न सरकारी होल्डिङ सेन्टरमा राखिएको छ, जहाँ उनीहरुलाई धेरै समस्या छ । राज्यले सुकुम्वासी व्यवस्थापनका लागि विधि नपुऱ्याउँदा सिंगो देशमा त्रास फैलिएको छ, देशभरका भूमिहीन, अव्यवस्थित बसोवासी आन्दोलनमा उत्रेका छन् । काठमाडौंमा जुन ढंगले डोजर चल्यो, त्यसैगरी, काठमाडौं बाहिर डोजर चलाएर भूमिहीन, सकुम्वासी र अव्यवस्थित बसोवासीले प्रतिकार गर्ने चेतावानीसहित संगठित भइरहेका छन् ।

काठमाडौं उपत्यकासहित देशभर भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासी समस्यालाई योजनाबद्ध रुपमा समाधान गर्ने काम राज्यको हो । भलै लामो समयदेखि राज्य चुक्दै आएको विषय हो । पछिल्ला वर्ष राज्यले गम्भीर भई काम गर्दै आएको थियो । भूमि आयोग गठन गरी आयोगले काम द्रुत रुपमा अघि बढाएको थियो, तर आयोगलाई काम गर्न नदिएर अध्यादेशमार्फत् खारेजी गरी सरकारले सुकुम्वासी बस्तीमा डोजर चलाउने काम गऱ्यो । झट्ट हेर्दा सरकारले राम्रो गऱ्यो भन्ने पंक्ति पनि भेटिएला, तर यस्तो क्रियाकलाप राज्य आतंक हो । राज्यले नागरिकलाई पुनर्स्थापनाको विकल्प नदिई घरबास नष्ट गरिदिने काम किमार्थ जायज होइन् । सरकारले पहिले भूमिहीन र सुकुम्वासीलाई पुनर्स्थापित गर्नुपर्दथ्यो । त्यसपछि जोखिमयुक्त ठाउँका बस्ती हटाउनु पर्दथ्यो । अहिले जोखिमयुक्त ठाउँको बस्ती हटाएको भनिएको छ, तर पुनर्स्थापनाको प्रष्ट योजना र कार्यान्वयनको खाका देखिदैन् । राज्यको दमनकारी र अपारदर्शी चरित्रले नागरिक आक्रोश बढेको छ । काठमाडौंमा डोजर चलेपछि पोखरा, बुटवल, हेटौंडा, दाङ, बर्दिया, झापालगायत विभिन्न ठाउँमा भूमिहीन र सुकुम्वासीले जुलुश प्रदर्शन गरेका छन् । राज्य आतंकको निन्दा गर्दै न्यायको याचना गरिरहेका छन् ।

राज्यले भूमिहीनलाई आवासको व्यवस्था गनुपर्ने संवैधानिक व्यवस्था छ । अझ नागरिकलाई सुरक्षित आवासको जिम्मा पनि राज्यको हो । यो संवैधानिक व्यवस्थाअनुसार भूमिहीनलाई आवासको व्यवस्था सुरक्षित ठाउँमा गर्ने र उनीहरुलाई आयआर्जनको माध्यमसँग जोड्ने काम पनि सँगै गर्दा सरकारप्रति नागरिकको विश्वास र भरोसा बढ्छ । तर अहिले सुकुम्वासीलाई जग्गा अतिक्रमणकारीको ट्याग लगाइएको छ । कतिपय अतिक्रमणकारीलाई बसिरहेको ठाउँबाट विस्थापित गर्न जति अनिवार्य छ, सुकुम्वासीलाई आवासको व्यवस्था सरकारले गर्नुपर्छ । त्यसैगरी, अव्यवस्थित बसोवासीलाई पनि राज्यले लालपूर्जा दिनै पर्छ । उनीहरुलाई पनि अतिक्रमणकारी भनेर ट्याग लगाउने काम राम्रो होइन । वर्षौंदेखि बसिरहेको छ, खेतीपाती गरेको छ, कतिपयको तीन चार पुस्ता भइसक्यो, त्यस्तो परिवारलाई अतिक्रमणकारी भनेर विस्थापित गर्ने रवैयाले सरकारप्रति आक्रोश बढेको छ ।

सुकुम्वासी, भूमिहीन र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रष्ट धारणा आउनुपर्छ । अहिले रास्वपा अलमलमा परिरहेको छ । प्रधानमन्त्री रास्वपाको दृष्टिकोणअनुसार चलिरहेका छन् कि आफ्नै हठमा चलेका छन् ? रास्वपाको प्रष्ट दृष्टिकोण आयो भने मात्रै अहिले बल्झिरहेको समस्या समाधानको बाटो खुल्छ ।

# सरकार निरंकुशतातिर अग्रसर



विनबहादुर कुँवर

सम्पूर्ण देशमा सञ्चालित ट्रेड युनियन, शिक्षक, विद्यार्थीलगायतका जनवर्गीय संगठनहरुमाथि प्रतिबन्ध लगाइएको छ। सुकुम्वासी दबाउन सेना परिचालन भइसकेको छ। अध्यादेशमार्फत् सर्वोच्च अदालतलाई समेत आफू केन्द्रित बनाईदैछ। राजनीतिक नियुक्ति, कर्मचारी सरुवा बढुवा चारैतिरै त्यस्तै छ। भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण आदिको नाममा पुराना दल नेता, पुराना कर्मचारी, व्यापारी, उद्योगपति सबलाई चुप पारिदैछ। पूर्व राजा ज्ञानेन्द्रको अन्तिम शासन कालमा जस्तै चौतर्फी हमला हुँदैछ।

अहिले देशव्यापी वर्तमान प्रधानमन्त्री बालेन शाहको राजीनामा अर्थात् प्रम बालेन-राजीनामा दे का नारा जोडदार रुपमा घन्किन थालेका छन् । साथै रास्वपा घण्टी पार्टीका सभापति रवि लामिछानेका विरुद्ध पनि त्यस्तै नारा लगाई देशव्यापी जनता सडक आन्दोलनमा उत्रिरहेका छन् । आन्दोलनको क्रममा दुई सुकुम्वासीको मृत्यु भइसकेको छ । त्यस्तै विभिन्न जिल्लाहरुमा त्यहाँका घण्टी पार्टीका निर्वाचित सभासदलाई समेत जनताले गाउँ-गाउँ, बस्ती र शहरबाट लखेट्न थालेका छन् । प्रसंग सुकुम्वासी हटाउ सरकारी अभियान अनि त्यसको प्रतिकारमा उत्रेका सुकुम्वासी विद्रोहको हो । हुन पनि हिजो चुनावी अभियानमा भोटका लागि जे पनि भन्ने र आश्वासन दिने तर पछि सत्तामा पुगेपछि फेरि त्यसको ठीकविपरीत तिनै जनतामाथि यसरी जाइलाग्ने सत्ताधारीहरुको यो निरंकुशताका विरुद्ध जनताले यो जे गर्दैछन् यो स्वाभाविक छ । विद्रोह गर्ने जनताको अधिकार हो ।

वर्तमान रास्वपा घण्टी पार्टीको प्रम बालेन सरकार अहिले जनताको घेराउमा छ । खासगरी सुकुम्वासी सर्वहारा, भूमिहीन किसान, मजदुरहरुको घरबास उठिबास गराउने यो सरकारको विरुद्ध नेपालका यी आम जनताहरु स्वतःस्फूर्त रुपमा आन्दोलनमा छन् । त्यस्तै मजदुर ट्रेड युनियन र विद्यार्थी संगठनहरुको खारेजीका विरुद्ध पनि आम मजदुर र विद्यार्थीहरुले संघर्षको थालनी गरेका छन् । यतिसम्मकि आफ्नै सरकारी कर्मचारी ट्रेड युनियनका कार्यकर्ताहरु समेत यसको विरुद्धमा छन् ।

यसरी वर्तमान सरकार यी समस्याका कारण अत्यन्त विवादित बनेको छ । एक प्रकारले सरकार तातो दूध निल्ने कि थुक्ने फसादमा परेको छ । काठमाडौंका केही सुकुम्वासीहरुलाई हटाउन खोज्दा त्यसको प्रभाव अहिले देशव्यापी परेको छ । लहरो तान्दा फहरो गर्जे जस्तो देशका लाखौं भूमिहीन सुकुम्वासी साथै अव्यवस्थित बसोबास नागरिकहरु घण्टी पार्टी र त्यसको सरकार विरुद्ध आन्दोलनमा छन् । यसको सुरुवात र थालनी स्वयं यो सरकारले नै गरेको हो । आनन्दका साथ सुतेको बाघलाई एकाएक झस्काई उठाउँदा त्यसको परिणाम के हुन्छ ? अब यो जनघाती बालेन सरकारले भोग्नुपर्ने हुन्छ । यसको थालनीको सुरुवात भइसकेको छ । देशव्यापी रुपमा सुकुम्वासी, किसान, मजदुर सबै जागी ब्युँजिसकेका छन् । चारैतिर बालेन चोर देश छोड । बालेन राजीनामा दे । घण्टी सरकार चाहिँदैन । देशमा सुकुम्वासी हटाउन पाइँदैन जस्ता नारा देशव्यापी घन्किरहेका छन् ।

भनिन्छ, एउटा औंला अरु माथि तेर्साउँदा अरु बाँकी औंला आफूतिर तेम्निएका हुन्छन् । ठीक यो सुकुम्वासी, ट्रेड युनियन र विद्यार्थी जनवर्गीय संगठनविरुद्ध प्रम बालेनले एउटा औंला देखाउँदा उल्टै आफूप्रति नै अरु औंलाहरु तेम्निन थालेका छन् । सुकुम्वासी उठिबासकै प्रसंगमा थुप्रै रास्वपा सभासदहरुकै घर जमिन त्यस्तै सुकुम्वासी बस्तीमा रहेको अर्थात् बालेन सरकारले भन्ने गरेको सुकुम्वासीको नाममा हुकुम्वासीहरुको रजाई भएको देखिन थालेको छ । कतिपय क्षेत्रमा त त्यस्ता घण्टे नेताहरुको घर जोगाई अरु सुकुम्वासीका घर टहराहरु भत्काइएको बताइएको छ । धनीलाई चैन गरिबलाई ऐन भनेको यही हो ।

वर्तमान सरकारले यी गरिब, भोका, नाङ्गा सब सुकुम्वासीहरुलाई एक प्रकारले आतंकवादी भए जस्तो गरी हमला र आक्रमण गर्ने गरेको छ । यतिसम्मकि उनीहरुमाथि नगर प्रहरी, संघीय प्रहरी, सशस्त्र प्रहरी मात्रै होइन कि सशस्त्र सेना नै परिचालन गरी आक्रमण भइरहेको छ । आफ्नै व्यारेक, सिंहदरबार, सर्वोच्च अदालत, प्रधानमन्त्री कार्यालय, राष्ट्रपति भवन आगलागी हुँदा राम हेरी बसेको नेपाली सेना अहिले भने सुकुम्वासीहरुलाई हटाउन र उनीहरुको उठिबास पार्न हरेक सुकुम्वासी बस्तीमा सशस्त्र तैनाथ भई उनीहरुलाई आतंकित पारिरहेको छ । आखिर यो सेना नेपाली जनता र राष्ट्रको नभई बालेनको मात्र निजी सेना भए जस्तो देखिन थालेको छ । पहिले सिंहदरबार जलाइदिने बालेनको उद्घोष र उक्त दरबार जलाउँदा रमिते भई बसेको यो सेना अहिले फेरि सुकुम्वासी हटाउने बालेनको उद्घोषका साथ नेपाली सेना यसरी सुकुम्वासी बस्तीमा खटिनुले यसलाई पुष्टि गरेको छ । नत्र भने कसको निर्देशन र आदेशमा यसरी अहिले सेना सुकुम्वासी बस्तीमा परिचालित भएको छ ? यसको जवाफ नेपाली जनताले राष्ट्रपति रामचन्द्र पौडेलमार्फत् जान्न चाहान्छन् । सेनाको परमाधिपति भएका नाताले पनि यसको जवाफ र जानकारी जनतालाई राष्ट्रपतिले दिनै पर्ने हुन्छ । नत्र भने आफू खुसी वा कुनै एक व्यक्तिको सनकमा यसरी सेना परिचालन हुनु खेदपूर्ण छ ।

प्रधानमन्त्री भनेको कुनै एक व्यक्ति नभई राज्यको एउटा अंग संस्था हो । यस्तो अंगले जे गर्दा पनि आधिकारिक निर्णय बमोजिम गर्नु पर्दछ । अहिले यसरी खुलेआम नेपाली सेना सुकुम्वासी बस्तीमा परिचालन गरिंदा मन्त्रिपरिषद् (क्याविनेट) बाट निर्णय भयो कि भएन ? अनि त्यो निर्णयको जानकारी राष्ट्रपतिलाई गराइयो कि गराइएन ? यसको आधिकारिक जानकारी अहिलेसम्म कहीं कतैबाट पनि भएको पाइएको छैन । आखिर यसरी नै सेना परिचालन हुने र गराइनाले अब लोकतन्त्रको भविष्य के होला ? यो देश र जनताको लागि गम्भीर चिन्ताको विषय छ । तर पनि नेपालका राजनीतिक दलहरु यसमा चुप लागि बसिरहेका छन् । प्रतिपक्षी दलहरु नै नभए जस्तो एकलौटी सत्ता पक्षकै हाली मुहाली देखिएको छ । कांग्रेस, एमाले नेकपा, माओवादी, मधेसवादी दल सबै कहाँ गए, छन् कि छैनन् ? सुनसान छ । खाली एउटा दल हर्क साम्पाङको श्रम शक्ति पार्टी मात्रले यसको विरोध गरी सुकुम्वासी जनतालाई केही राहत दिने गरेको देखिएको छ । हुनतः अगुल्टाले हानेको कुकुर बिजुली चम्कदा पनि तर्सन्छ भने जस्तै गत भाद्र २३ र २४ को जेनजी आन्दोलनले तर्सेका यी कांग्रेस, एमाले र माओवादी नेताहरुको होस अझै फर्केको छैन । सानोतिनो आन्दोलन र सेना, पुलिसको आक्रमणदेखि अहिले पनि भयवित नै छन् । नत्र भने अवस्था फेरिएको छ । घण्टी पार्टी र यसका नेता अनि वर्तमान बालेन सरकारप्रति जनआक्रोश उर्लदो छ । देशव्यापी रुपमा प्रधानमन्त्री बालेनको राजीनामा र पुत्ला जलन भइरहेको छ । सुकुम्वासी किसान, मजदुर, कर्मचारी, शिक्षक, विद्यार्थी सबका सब यो सरकारविरुद्ध आवाज घन्काइरहेका छन् ।

सरकार एकपछि अर्को रुपमा निरंकुशतातिर अग्रसर भइरहेको छ । आफ्नै दलको करिब दुई तिहाई बहुमत सभासद हुँदा हुँदै पनि संसदलाई छलेर अनेक खाले अध्यादेश जारी गरिसकेको छ । सम्पूर्ण देशमा सञ्चालित ट्रेड युनियन, शिक्षक, विद्यार्थीलगायतका जनवर्गीय संगठनहरुमाथि प्रतिबन्ध लगाइएको छ । सुकुम्वासी दबाउन सेना परिचालन भइसकेको छ । अध्यादेशमार्फत् सर्वोच्च अदालतलाई समेत आफू केन्द्रित बनाइँदैछ । राजनीतिक नियुक्ति, कर्मचारी सरुवा बढुवा चारैतिरै त्यस्तै छ । भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण आदिको नाममा पुराना दल नेता, पुराना कर्मचारी, व्यापारी, उद्योगपति सबलाई चुप पारिंदैछ । पूर्व राजा ज्ञानेन्द्रको अन्तिम शासन कालमा जस्तै चौतर्फी हमला हुँदैछ । अब ढिलो चाडो देशमा संकटकाल लगाउने सम्भावना बढेर गएको छ । देशमा सेनाको साथ अन्तर्राष्ट्रिय रुपमा साम्राज्यवादीहरुको साथ भए बालेनलाई न पार्टीको जरुरी छ न कुनै अरु नेता कार्यकर्ताहरुको । स्वयं आफ्नै घण्टी पार्टी र त्यसका नेता रवि लामिछानेकै आवश्यकता छैन उनलाई ।

यतिसम्मकि आफ्नै पार्टीले उनलाई केही अंकुस लगाउन खोजे सांसद नै विघटन गराई वर्षौंसम्म शासन सत्ता चलाइरहने ब्रह्माको शासन सत्ताको अभ्यास हुने छाटकाट देखिँदैछ । त्यसैले बेलैमा देशका सम्पूर्ण देशभक्त वामपन्थी र जनवादी शक्ति समूह सबको ध्यान यसैमा केन्द्रित अर्थात् देशको राष्ट्रियता र निरंकुशताकाविरुद्ध सब एक हुनु आवश्यकता छ ।

# नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बिहीबार सामान्य अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक ६ दशमलव ९४ अङ्कले बढेर दुई हजार ७१८ दशमलव १६ को बिन्दुमा कायम भएको हो ।

३३४ कम्पनीको ६६ लाख ८४ हजार सात कित्ता शेयर ४५ हजार ६५ पटक खरिद बिक्री हुँदा रु दुई अर्ब ९३ करोड १९ लाख ६८ हजार ८७७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ शून्य दशमलव ३३, विकास बैंक शून्य दशमलव २९, होटल तथा पर्यटन शून्य दशमलव २०, जीवन बिमा शून्य दशमलव ३०, लघुवित्त शून्य दशमलव ३५, व्यापार एक दशमलव ५७ र अन्य समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

वित्त समूह शून्य दशमलव ०८, लगानी शून्य दशमलव ०७, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०८, म्युचुअल फन्ड शून्य दशमलव १६ र निर्जीवन बिमा शून्य दशमलव ५६ प्रतिशतले घटेको छ ।

कारोबारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्टक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु १७ करोड ६८ लाख ३३ हजार ३६९ बराबरको कारोबार भएको छ । कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको पाँच लाख २६ हजार ६८२ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

# स्वदेशी उत्पादनलाई बढावा दिने खालको नीति ल्याउनुपर्छ

महेश गोर्खाली

औषधि उद्योग कुनै पनि देशको स्वास्थ्य सुरक्षा र आर्थिक विकाससँग प्रत्यक्ष रूपमा जोडिएको क्षेत्र हो । विश्वका अधिकांश मुलुकहरूले आफ्ना उद्योगलाई संरक्षण र प्रोत्साहन दिँदै आएको पाइन्छ । विशेष गरी औषधि उद्योगजस्तो संवेदनशील क्षेत्रमा सरकारहरूले विभिन्न सहुलियत, नीति तथा संरचनात्मक सहयोग उपलब्ध गराउने गरेका छन् ।

भारत यसको राम्रो उदाहरण हो । भारतीय औषधि उद्योगको इतिहास लामो छ र त्यहाँको औषधि बजार पनि ठूलो छ । निर्यातका हिसाबले पनि भारत विश्व बजारमा महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ । अहिले विश्वमा सबैभन्दा बढी औषधि उत्पादन गर्ने देशहरूमध्ये भारत अग्रस्थानमा पर्छ । यही कारणले भारतले विश्वका धेरै देशमा औषधि निर्यात गर्दै आएको छ ।

भारतीय सरकारले औषधि उद्योगलाई व्यवस्थित रूपमा विकास गर्न विभिन्न संस्थागत संरचनासमेत निर्माण गरेको छ ।

औषधि उत्पादनलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम तथा सहुलियतहरू पनि प्रदान गरिएको छ । यसले गर्दा भारतीय औषधि उद्योग अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सफल भएको देखिन्छ ।

नेपालको सन्दर्भमा भने अवस्था त्यति सहज देखिँदैन। नेपाली औषधि उद्योगले पनि देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ । रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने र स्वास्थ्य क्षेत्रमा आवश्यक औषधि उपलब्ध गराउने काममा स्वदेशी उद्योगले भूमिका निर्वाह गरिरहेका छन् ।

नेपाल सरकारले उद्योगीहरूलाई केही हदसम्म सहुलियत दिएको पनि छ । उदाहरणका लागि उद्योगहरूबाट २० प्रतिशत कर मात्र लिने व्यवस्था गरिएको छ । त्यसैगरी भन्सारमा पनि औषधिजन्य पदार्थमा केही छुट उपलब्ध गराइएको छ । तर यी सहुलियतहरू उद्योग क्षेत्रलाई अपेक्षित रूपमा विकास गर्न पर्याप्त भने देखिँदैनन् ।

सरकारले दिएको सहुलियतलाई स्वीकार गरेर नै उद्योगीहरू अघि बढिरहेका छन् । सीमित आर्थिक स्रोतसाधनका कारण सरकारले विकसित मुलुकले जस्तो व्यापक सहुलियत दिन नसकेको हुनसक्छ भन्ने बुझाइ उद्योगीहरूमा पनि छ । तथापि, उद्योग क्षेत्रलाई थप प्रोत्साहन दिन आवश्यक नीति तथा सहुलियत अझै पर्याप्त रूपमा उपलब्ध हुन सकेको छैन ।

उद्योगीहरूको समस्या राज्यसमक्ष पुऱ्याउन र समाधानका लागि पहल गर्न नेपाल औषधि उत्पादक संघजस्ता संस्थाहरूको भूमिका पनि महत्वपूर्ण हुन्छ ।

तर औषधि तथा कच्चा पदार्थ आयातसम्बन्धी सरकारी नीति अझै स्पष्ट र व्यवस्थित बन्न सकेको छैन । केही क्षेत्रमा सहुलियत दिइए पनि आवश्यक पर्ने कतिपय क्षेत्रमा अझै सहुलियत नपुगेको उद्योगीहरूको अनुभव छ ।

सामान्यतया कुनै पनि देशका नीतिहरू स्वदेशी उत्पादनलाई निरुत्साहित गर्ने र विदेशी उत्पादनलाई मात्र प्रोत्साहन गर्ने खालका हुँदैनन् । तर व्यवहारमा हेर्दा स्वदेशी उत्पादनलाई पर्याप्त प्रोत्साहन दिने नीति अझै पर्याप्त रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । उद्योगीहरूले अपेक्षा गरेअनुसारको सहयोग सरकारबाट पाउन सकेका छैनन् । कतिपय अवस्थामा नियामक निकायले चाहेर पनि आवश्यक सहुलियत उपलब्ध गराउन नसक्ने अवस्था देखिन्छ ।

नेपालमा उद्योगको विकासका लागि सबैभन्दा महत्वपूर्ण कुरा स्थिर र शान्त वातावरण हो । उद्योग तथा व्यवसाय फस्टाउनका लागि लगानीकर्तामा विश्वास र सुरक्षा अनुभूति हुन आवश्यक हुन्छ । पछिल्लो समय भएका आन्दोलन तथा राजनीतिक अस्थिरताका कारण उद्योग क्षेत्रमा लगानी गर्ने वातावरण केही शंकास्पद बनेको देखिन्छ । यसले नयाँ लगानीकर्ताहरूलाई समेत सतर्क बनाएको छ ।

यसका साथै नेपालमा औषधि मात्र नभई धेरैजसो वस्तुमा परनिर्भरता बढ्दै गएको अवस्था छ । यस्तो अवस्थामा स्वदेशी उद्योगको विकासलाई प्राथमिकतामा राख्नु आवश्यक देखिन्छ । सरकारले उद्योग क्षेत्रलाई प्रोत्साहन गर्ने र स्वदेशी उत्पादनलाई बढावा दिने स्पष्ट तथा प्रभावकारी नीति ल्याउन सके देशको आर्थिक विकासमा पनि सकारात्मक प्रभाव पर्नेछ ।

दीर्घकालीन औद्योगिक विकासका लागि स्थायी र स्थिर सरकार पनि उत्तिकै महत्वपूर्ण हुन्छ । उद्योग तथा लगानीका क्षेत्रमा दीर्घकालीन योजना कार्यान्वयन गर्नका लागि कम्तीमा पाँच वर्ष स्थायी सरकार हुन सके उद्योगीहरूलाई पनि लगानी विस्तार गर्न सहज वातावरण बन्न सक्छ ।

त्यसैले आगामी दिनमा स्वदेशी औषधि उद्योगलाई प्रोत्साहन गर्ने, लगानीको वातावरण सुधार गर्ने र स्वदेशी उत्पादनलाई प्राथमिकता दिने स्पष्ट नीति ल्याउनु आजको आवश्यकता हो । यस्तो नीति कार्यान्वयन हुन सके मात्र देशको औषधि उद्योगले अपेक्षित रूपमा विकास गर्न सक्ने विश्वास उद्योगीहरू व्यक्त गर्छन् ।

स्वास्थ्य खबरबाट

# बालेन सरकार फासिस्ट : चित्रबहादुर



बुटवल । राष्ट्रिय जनमोर्चाले अध्यादेशमार्फत् बालेन शाह(बालेन्द्र) नेतृत्वको सरकारले सुरुमै आफ्नो फासिस्ट चरित्र प्रदर्शन गरेको टिप्पणी गरेको छ।

जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै संवैधानिक परिषद्मा अलोकतान्त्रिक र स्वेच्छाचारी व्यवस्था गरिएको टिप्पणी गरेका छन् ।

'सरकारको सिफारिसमा राष्ट्रपतिले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशलाई जारी गर्नुभएको छ,' वक्तव्यमा भनिएको छ- 'अध्यादेशमा संवैधानिक पदाधिकारीको नियुक्ति गर्दा ६ सदस्यीय संवैधानिक परिषद्मा तीन सदस्यले गरेको निर्णय बहुमतको निर्णय मानिने अलोकतान्त्रिक र स्वेच्छाचारी व्यवस्था गरिएको छ।

जुन गलत छ ।' त्यस प्रकारको प्रणालीबाट सरकारलाई मनोमानी प्रकारले कुनै पनि निर्णय गर्ने अधिकार दिएको केसीको ठहर छ।

'त्यस प्रकारको अध्यादेशलाई जारी गरेर बालेन सरकारले सुरुमा नै आफ्नो फासिस्ट चरित्रको प्रदर्शन गरेको छ। अध्यादेशले दिएको त्यस प्रकारको अधिकारबाट देश फासिस्ट दिशामा जाने छ,' केसीले वक्तव्यमा भनेका छन् । सरकारको उक्त कार्यको दलका तर्फबाट उनले भर्त्सना गरेका छन् ।

यस्तै, सरकारले विद्यार्थी, ट्रेड युनियन र प्रेस तथा सुकुम्वासीहरूका विरुद्ध जुन दमनचक्र चलाइरहेको वक्तव्यमा भनिएको छ।

उनले अगाडि लेखेका छन्-'त्यसका विरुद्ध जनतामा असन्तोष र विरोध बढ्दै गइरहेको छ र त्यो विरोधले ठाउँठाउँमा संघर्षको रूप पनि लिँदैगएको छ ।' सरकारका गलत नीतिकाविरुद्धका सबै प्रकारका विरोध र संघर्षलाई जनमोर्चाले समर्थन गर्दै ऐक्यबद्धता प्रकट गरेको छ।

# पोखरा विमानस्थल भ्रष्टाचारका तीन मुद्दामा ६ पूर्वमन्त्री जोडिए




बुटवल । पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचारमा हालसम्म अख्तियारले तीन वटा मुद्दा दायर गरेको छ। बिहीबार दायर भएको मुद्दामा यसअघि छुटेका पूर्व अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि तानिएका छन् ।

अब पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचार प्रकरणमा जोडिने पूर्वमन्त्रीहरूको संख्या ६ पुगेको छ।

यसअघि गत वर्ष मंसिरमा अख्तियारले तत्कालीन पाँच जना मन्त्रीसहितलाई विपक्षी बनाएर मुद्दा दर्ता गरेको थियो । तत्कालीन मन्त्रीहरू भीम आचार्य, रामकुमार श्रेष्ठ, दीपक अमात्य, रामशरण महत र पोष्टबहादुर बोगटीलाई विपक्षी बनाइएको थियो ।

बिहीबारको मुद्दामा अर्का मन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि जोडिएका छन् । बोगटीको निधन भइसकेकोले उनकी पत्नी राममाया बोगटीलाई प्रतिवादी छन् ।

बिहीबार दायर भएको मुद्दामा कार्कीसहित १४ जनामाथि अभियोग छ। कार्की बाहेक अन्य कर्मचारीहरू परेका छन् ।

अख्तियारको दाबीमा ठेक्का सम्झौतामा भएको व्यवस्थाविपरीत ठेकेदारलाई राजस्व छुट दिएर उनीहरूले भ्रष्टाचार गरेको दाबीसहित आरोप पत्र पेस भएको विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिए।

३ अर्ब ६२ करोड ५ लाख २२ हजार १६० रुपैयाँ बिगो माग दाबी गरेर अख्तियारले मुद्दा दायर गरेको लामिछानेले बताए । तत्कालीन अर्थमन्त्री कार्कीसहित अर्थ सचिव शंकर प्रसाद अधिकारी, तत्कालीन पर्यटन सचिव महेश्वर न्यौपाने, तत्कालीन सहसचिव द्वय सुरेश आचार्य र दुण्डुराज घिमिरे, पूर्वसचिव (तत्कालीन सहसचिव) केवल भण्डारी, नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम र निवर्तमान महानिर्देशक प्रदीप अधिकारी, उपसचिव युवराज पाण्डे, शाखा अधिकृत उर्मिला भण्डारी, इन्जिनियर योगेश अर्याल विरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो ।

यसअघि गत चैतमा पनि अर्को मुद्दा दायर भएको थियो । उक्त मुद्दामा २१ जना व्यक्ति र २ कम्पनीलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा तत्कालीन पर्यटन सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू सञ्जीव गौतम र राजन पोखरेल लगायतका व्यक्तिहरू छन् ।

अख्तियारले विमानस्थल निर्माणमा राजस्व छुटसम्बन्धी भ्रष्टाचारमा ४६ करोड १५ लाख ८४ हजार ४३४ रुपैयाँ बिगो माग गरेको छ।

अख्तियारले पहिलो मुद्दा दायर गर्दा नै पोखरा विमानस्थल निर्माणमा राजस्व छुटलगायतका विषयमा अनुसन्धान भइरहेको र छिट्टै मुद्दा दायर हुने भनी विवरण पेस गरेको थियो ।

अख्तियारले दोस्रो मुद्दामा ४६ करोड, १५ लाख, ८४ हजार ४३४ रुपैयाँ बिगो माग गरेको थियो ।

अख्तियारले विमानस्थलमा परामर्शदाता नियुक्तिका लागि एपीसीमा रहेको अधिकतम लागत मूल्य ३३ करोड, ९४ लाख भएको र यो परामर्शदाता नियुक्त गरी ऋण सम्झौता रकमबाट भुक्तानी गर्नुपर्नेमा त्यसो नभएको, परामर्शदाता नियुक्तिको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको आन्तरिक बजेटबाट बेहोर्ने गरी तयार भएको लागत मूल्य ५० करोड, ३४ लाख रुपैयाँ भएको तर, यो प्राधिकरणको छुट्टै बजेट खर्च गर्न नमिल्ने भएको अख्तियारको ठहर छ।

त्यस्तै प्राधिकरणको आन्तरिक बजेटबाट भुक्तानी गर्ने गरी भएको परामर्श सेवाको सम्झौता रकम ४२ करोड ८९ लाख रहेको तर, प्राधिकरणको छुट्टै बजेट खर्च गर्न नमिल्ने जान्दाजान्दै सोही बजेटबाट खर्च गर्ने गरी सम्झौता गरेको, परामर्श सेवाको हालसम्म भुक्तानी भएको रकम ४० करोड ६८ लाख रहेको तर, प्राधिकरणले छुट्टै खर्च गर्न नमिल्ने हुँदा पनि भुक्तानी गरेको, हिनामिना, हानि नोक्सानी र दुरुपयोग भएको ८ लाख ९५ लाख ।

तर, ठेक्का सम्झौतामा उल्लेखित लागत अनुमान भन्दा बढी रकम उल्लेख गरी सम्झौता गरेको, असुल उपर हुनुपर्ने रकम ६ करोड ७३ लाख ९२ हजार रहेको । तर, ठेक्का सम्झौतामा उल्लेखित लागत अनुमान भन्दा बढी रकम भुक्तानी गरेको पाइएको अख्तियारको दाबी छ।

# देवदहले बुटवललाई हरायो

भैरहवा । रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको बिहीबारको खेलमा देवदह क्रिकेट युनिटले बुटवल राइनोजलाई हराएको छ। देवदहले बुटवललाई ४३ रनले सहजै पराजित गरेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको देवदहले मौसमका कारण २५ ओभरमा छोट्याइएको खेलमा २३ ओभर ४ बल खेल्दै सबै विकेट गुमाएर १ सय ३६ रन जोड्यो । उसका लागि सुमन पाण्डेले ७४ रनको अर्धशतकीय पारी खेल्दा सन्देश पन्थीले १६ रन बनाए। बलिङमा बुटवल राइनोजका नितिन त्रिपाठीले ३, शिव कुँवरले २ तथा सुमित थापा, प्रमिस पुन र हार्दिक बरईले १-१ विकेट लिए।

बुटवल राइनोज २३ ओभर २ बलमा अलआउट हुँदै जम्मा ९३ रन बनायो र हार बेहोर्यो । उसका लागि सुरज सारुले ३७, नितिन त्रिपाठीले ११ तथा सनित श्रेष्ठ र हार्दिक बरईले समान १०-१० रन बनाए पनि अन्य ब्याटर नचल्दा टीमले हार भोग्यो।

बलिङमा देवदहका शशिधर टण्डनले ४, सन्देश पन्थीले ३, कृष्ण पराजुलीले २ तथा सुदीप अर्यालले १ विकेट लिए । खेलमा सुमन पाण्डे प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

## लुम्बिनी ट्रक यातायात व्यवसायी संघ

प्रधान कार्यालयः सिद्धार्थनगर, भैरहवा, रुपन्देही फोन नं. : ०७१-५७००८८, ५७३४०६

### करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सुचना।

प्रथम पटक प्रकाशित मिति २०८३।०१।२५

उपरोक्त सम्बन्धमा लुम्बिनी ट्रक यातायात व्यवसायी सघंको मिति २०८३।०१।१५ गते बसेको कार्य समितीको बैठकको निर्णयानुसार यस सघंको लागी तपशिल अनुसार कर्मचारीको आवाश्यता परेकोले ईच्छुक व्यक्तिबाट तपशिलको विवरणको आधारमा दरखास्त आह्वान गरिएको छ।

**तपशिल**

| क्र. सं. | विज्ञापन नं. | पद/तह | सेवा समूह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | उमेरको हद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०८२/०८३ | दुर्घटना सहायक | प्रशासन | १ | न्यूनतम १० उत्तीर्ण भएको | २५ वर्ष भन्दा माथिको हुनुपर्नेछ | |

१) **सेवा सुविधाः**- तलब एक आपसी सम्झदारीमा वा नेपाल सरकारको नियम अनुसार ।
२) **दरखास्त दिने मितिः**- २०८३।०१।१७ देखि २०८३।०१।३१ गते सम्म
३) **छनोटको किसीम** :- लिखितम र अर्न्तवार्ता
४) **आवश्यक कागजात** :- हस्त लिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, अनुभवको कागजात, शैक्षीक योग्याताको प्रमाणपत्रको प्रतिलिपी
५) म्याद नाघि आएका, रित नपुगी पेश हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन। ६० अनुभवीलाई बिशेष प्रथामिकता दिईने छ।
७) **सम्पर्क मितिः**- कार्यालयले सम्पर्क गर्ने छ।
८) **थप जानकारीको लागी संस्थाको सम्पर्क नं.** ०७१-५७००८८, ९८५७०२०७५७

**लिला प्रसाद श्रेष्ठ**
**सचिब**

## श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समुह

**शिवराज नगरपालिका वडा नं. ३, कपिलवस्तु**

### सिलबन्दी दरभाउ पेश सम्बन्धी सुचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३/०१/२५

कपिलबस्तु साझेदारी वन उपभोक्ता समूह, शिवराज न.पा.-०३ कपिलवस्तुको स्वीकृत वन व्यवस्थापन कार्ययोजना तथा समूहको बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारको कार्यक्रम यस आ.व. २०८२/०८३ मा संचालन गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ। सो कार्यसंग सम्बन्धित ईच्छुक व्यक्ती, फर्म वा उद्योगले यो सुचना पहिलो पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र शिलवन्दी दर भाउ पत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत सुचना तथा जानकारीको लागि कार्यालय समय भित्र यस समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको बिबरण | कैफियत |
|---|---|---|
| १ | B1C1S3 र B1C2S3 सव कम्पार्टमेन्टमा थिनिङ्ग तथा सुधार कटान योजना अनुसार कार्यान्वयन कार्य | |
| २ | आर सि.सि. पोल खरिद कार्य | |

श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समूह,
शिवराज न.पा. -०३ कपिलवस्तु

## भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मितिः २०८३।०१।२५**

जिल्ला रुपन्देही सिद्वार्थनगर वडा नं. ३ बस्ने रमेशको नाति परमेश्वर अहिरको छोरा तथा निवेदक राधिका यादवको ससुरा धर्मु अहिरको मिति २०८३/०१/०२ मा मृत्यु भएको तथा निजको एक मात्र पत्नी कैलासी अहिरको मिति २०६१/०८/१५ मा आ-आफ्नै कालगतिले मृत्यु भएको र निजहरुबाट जायजन्म भएका एकमात्र छोरा बेचन यादव र तिन छोरीहरु जेठी बासमती यादव, माईली राजमती यादव र कान्छी संगिता यादव रहेकोमा छोरीहरुको विवाह भई आ- आफ्नो घर गईसकेको र एकमात्र छोरा बेचन यादवको पनि मिति २०७३/०६/०६ मा आफ्नै कालगतिले मृत्यु भएको र निजको हकखाने हकवाला म एकमात्र पत्नी राधिका यादव भएको तथा रेखदेख औषधी उपचार तथा मृत्यु पश्चात सामाजिक परम्परा बमोजिम दाहसंस्कार काजक्रिया समेत मैले नै गरेकाले ससुरा धर्मु अहिरको नाममा दर्ता कायम रहेको जिल्ला रुपन्देही सि.न.पा. वडा नं. ३/१०४०२७७१४ कि.नं. १२६, १२२, १३३ ऐ.ऐ. वडा नं. ३/१०४०२७७०९ कि.नं. ३०० ऐ.ऐ. सिट नं. १०४०२७७०५ कि.नं. १९८. ऐ. सिट नं. १०४०२३८२१ कि.नं. १५४ ऐ. सिट नं. १०४०२७७०४ कि.नं. ११३ का जग्गाहरु मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनी द.नं. २१६४२ मिति २०८३/०१/२३ मा निवेदन दिनुभएकोमा माग निवेदन बमोजिम नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा नामसारी गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने ब्यहोरा सबैमा अनुरोध छ।

इति सम्बत् २०८३ साल ०१ महिना २४ गते रोज ०४ शुभम्।

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिव्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
तौलिहवा, कपिलवस्तु

## भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना।

मिति :- २०८३।०१।२५

जिल्ला रुपन्देही सेमरीमाई गाउँपालिका वडा नं। ७ मौजा नौडीहवा बस्ने सरजु लोधको नाति, मुसे लोधको छोरा कलमनाथ लोधले तपसिलमा उल्लेखित कित्ताहरु ज.ध. शिव प्रसाद लोधको नाऊँमा कायम श्रेस्ता भिडाई, जिल्ला क. व. साविक हथिहवा गा.वि.स. -३ हाल शुद्धोधन गाउँपालिका वडा नं. ५ बस्ने देवीदीन लोधको छोरा सुखी लोधको २०६४।०१।०३ र निजको पत्नी मुटुरी लोधीनको मिति २०७४।०८।२४ मा मृत्यु भएको। मृतकहरु जीवित हुँदा सम्म सेवा सम्भार तथा मृत्यु पछि दागबत्ती काजक्रिया समेत निवेदक कलमनाथ लोधले गरेको। मृत्यु अगावै मुटुरी लब्धीनले मिति २०६४।०६।१४, र.नं. १।७७१ विगो नखुलेको शे.व. लिखत निवेदक कलमनाथ लोधको नाऊँमा पारित गरिदिएको, कपिलवस्तु जिल्ला अदालत बाट मिति २०६६/१२/१४ को वण्डा मुचुल्का अनुसार ज.ध. शिव प्रसाद लोधका नाऊँमा श्रेस्ता कायम रहेको कित्ता जग्गाहरु मध्ये तपसिल अनुसार जग्गा मुटुरी लोधीनको अंश भागमा परी दा.खा. हुन बाँकी रहेको जग्गा विगो नखुलेको शे.व. बमोजिम मेरो नाऊँमा एकलौटी दा.खा. नामसारी गरिपाऊँ भनि मिति २०८२।१२।२४ को माग निवेदन पेश गरेको सम्बन्धमा निवेदकको माग दावी बमोजिम निजको नाऊँमा दा.खा.गर्न नमिल्ने कुनै कारण भए, अरु कसैको हकदैया वा स्वामित्वमा असर पर्ने भए, सरकारी सार्वजनिक गुठी तथा हदवन्दी भन्दा बढी जग्गा घुसेको भए, कुनै वैंक वित्तिय संस्था, सरकारी निकाय वा व्यक्ति विशेषको मुद्दा मामिला र धितो बन्धक रोक्कामा असर पर्ने भए, कसैले यस अगावै उक्त जग्गा हक हस्तान्तरणका लागि पूर्व मिसिल खडा गरी प्रक्रियामा रहेको भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्नुहोला। म्यादभित्र कुनै दावी उजुर नपरेमा नियमानुसार निवेदन स्वीकार गरी प्रचलित कानून बमोजिम भई जाने सम्बन्धित सबैका लागि सूचना प्रकाशित गरिएको छ।

**शिव प्रसाद लोध नाउँमा दर्ता रहेको जग्गा मध्ये मुटुरी लोधीनको अंश भागमा परेको जग्गा**

| गा.वि.सं. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | तर्फ | द.खा. हुने क्षेत्रफल | अंश भागमा परेको जग्गा वालाको थर वतन | कै |
|---|---|---|---|---|---|---|---|
| हथिहवा | १ख | १६ | ०-४-२-० | उत्तर पूर्व | ०-१-१/२ | नाम थरः मुटुरी लोधीन<br>पतिको नामः सुखी लोध<br>ससुराको नामः देवीदीन लोध<br>ठेगानाः जिल्ला कपिलवस्तु<br>साविक गा.वि.स. हथिहवा-३<br>हाल शुद्धोधन गा.पा. वडा नं. ५<br>कपिलवस्तु | |
| | | ७६ | ०-२-२-० | उत्तर | ०-०-१०-२ | | |
| | ३क | ३८६ | ०-२-६-० | दक्षिण | ०-०-११-२ | | |
| | | ४९६ | ०-८-१-० | पश्चिम | ०-२-१/४ | | |
| | | ५०२ | ०-६-०-० | दक्षिण | ०-१-१०-० | | |
| | | ५१९ | ०-५-१५-० | दक्षिण | ०-१-८-१ | | |
| | | ५२० | ०-४-१२-० | दक्षिण | ०-१-३-० | | |
| | | ५२८ | ०-४-१६-० | पश्चिम | ०-१-४-० | | |

मालपोत अधिकृत

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ग्राहकको माग र सन्तुष्टिलाई प्राथमिकता दिएका छौं : पौडेल

*रिलायन्स फाइनान्स लिमिटेड वि.सं. २०६६ सालदेखि नेपालमा सञ्चालन भइरहेको एक नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको वित्तीय संस्था हो । अनुभवी बैंकर्स तथा व्यवसायीहरूको समूहद्वारा प्रवर्द्धित यस संस्थाको मुख्य कार्यालय कमलादी, काठमाडौंमा रहेको छ । देशभरी फैलिएर रहेका आफ्ना २१ वटा शाखाहरुमार्फत् रिलायन्स फाइनान्सले छिटो र भरपर्दो प्रविधिमैत्री वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।*

*रिलायन्सले सर्वसुलभ रुपमा ग्राहकहरुलाई बैंकिङ् सेवा उपलब्ध गराउँदै, सहज रुपमा डिजिटल बैंकिङ् सुविधाको साथै अन्य विभिन्न सेवा तथा सुविधाहरु प्रदान गर्दै संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सेवाहरु गर्दै आइरहेको छ ।*

*भैरहवा व्यापार, पर्यटन र सीमावर्ती कारोबारका कारण तीव्र रूपमा विकसित भइरहेको क्षेत्र हो । यस क्षेत्रमा वित्तीय संस्थाहरूको भूमिका झन् महत्वपूर्ण बन्दै गएको छ । यही सन्दर्भमा, हाम्रो प्रतिनिधिले रिलायन्स फाइनान्स भैरहवा शाखाका शाखा प्रबन्धक प्रज्ञान पौडेलसँग अहिलेको बजारको अवस्था, समग्र वित्तीय स्थितिबारे र भविष्यका योजनाबारेमा दीपिका पाण्डेले गरेको कुराकानीः*



प्रज्ञान पौडेल
शाखा प्रबन्धक
रिलायन्स फाइनान्स, भैरहवा शाखा

**» *तपाईंको बैंकिङ यात्राको बारेमा छोटकरीमा बताइदिनुहोस् ?***

मेरो बैंकिङ यात्रा झण्डै १० वर्ष अघि एउटा वाणिज्य बैंकबाट सुरु भएको हो । सुरुवाती दिनदेखि नै मैले ग्राहक सेवा, कर्जा प्रक्रिया र शाखा सञ्चालनसम्बन्धी काम सिक्ने अवसर पाएका कारण अहिले शाखा व्यवस्थापनको तहसम्म पुगेको छु । यस यात्रामा मैले टीम व्यवस्थापन, व्यवसाय वृद्धि, जोखिम व्यवस्थापन र नेपाल राष्ट्र बैंकको नीति तथा निर्देशनहरूको कार्यान्वयनमा महत्वपूर्ण अनुभव हासिल गर्ने अवसर पाए । बैंकिङ् क्षेत्रमा काम गर्दा मलाई ग्राहक सन्तुष्टि र दिगो वित्तीय विकासमा योगदान दिन पाउँदा एकदम गर्व महसुस हुन्छ ।

**» *रिलायन्स फाइनान्सले यस भैरहवा क्षेत्रमा प्रदान गर्दै आएको सेवा–सुविधाहरु के–कस्ता छन् ?***

रिलायन्स फाइनान्स लिमिटेडले यस क्षेत्रका ग्राहकहरूको विविध वित्तीय आवश्यकतालाई ध्यानमा राख्दै सरल, सुरक्षित र विश्वसनीय सेवा दिने हेतुले निक्षेपतर्फ, बचत खाता, चालु खाता तथा मुद्दती निक्षेप जस्ता सेवाहरू उपलब्ध गराउँदै आएको छ । बचत खातामा आकर्षक ब्याजदर, सहज पहुँच र डिजिटल माध्यमबाट कारोबार गर्ने सुविधा दिइएको हुन्छ भने मुद्दती निक्षेपमा निश्चित अवधिका लागि लगानी गर्दा सुनिश्चित प्रतिफल प्राप्त गर्न सकिन्छ ।

त्यसैगरी, घर निर्माण वा खरिदका लागि घर कर्जा, सवारी साधन खरिदका लागि सवारी कर्जा, व्यक्तिगत आवश्यकताका लागि व्यक्तिगत कर्जा, तथा व्यवसाय सञ्चालन वा विस्तारका लागि व्यवसायिक कर्जा पनि उपलब्ध गराउँदै आएको छ ।

यसका अतिरिक्त, मोबाइल बैंकिङ, QR कोडमार्फत् भुक्तानी जस्ता सुविधाहरू र रेमिटेन्स सेवामार्फत् विदेशबाट पठाइएको रकम सहज रूपमा प्राप्त गर्न सकिने सेवाहरू पनि उपलब्ध छन् ।

समग्रमा, रिलायन्स फाइनान्सले आधुनिक प्रविधि, ग्राहक-केन्द्रित सेवा र पारदर्शी कार्यशैलीमार्फत् यस भैरहवा क्षेत्रमा वित्तीय सेवा प्रदान गर्दै आएको एक विश्वासिलो वित्तीय संस्था हो ।

**» *भैरहवाको व्यापारिक परिवेशमा शाखाको भूमिका कस्तो छ र साना तथा मझौला व्यवसायलाई कसरी सहयोग गरिरहनुभएको छ ?***

भैरहवाको सन्दर्भमा, यहाँ पर्यटन क्षेत्र पनि महत्वपूर्ण छ किनभने योलुम्बिनी नजिकै पर्छ । होटल, रेस्टुरेण्ट, गाइड सेवा जस्ता साना तथा मध्यम व्यवसायीको उपस्थिति धेर छ । त्यसकारण, हाम्रो शाखाले यस्ता साना तथा मध्यम व्यवसायलाई प्राथमिकतामा राख्दै सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँदै आएको छ । होटल, रिसोर्ट तथा साना व्यवसायीहरूलाई लक्षित गरी विशेष कर्जा योजना पनि सञ्चालन गरिरहेका छौं ।

हामीले गल्ला तथा कृषि जस्ता स्थानीय व्यवसायहरूलाई पनि प्राथमिकतामा राख्दै विभिन्न किसिमका कर्जा प्रदान गर्दै व्यवसाय विस्तारका लागि आवश्यक लगानी उपलब्ध गराउँदै आएको छौं । त्यसैगरी, यस क्षेत्रमा बेला बेलामा स्थानीयस्तरमा हुने व्यापार मेला, प्रदर्शनी र उद्योग वाणिज्य संघले गर्ने तालिम जस्ता कार्यक्रमहरुमा सहभागी भएर सहुलियतपूर्ण कर्जा, साना तथा मझौला व्यवसाय कर्जाकोबारेमा स्थानीयस्तरमा जानकारी पनि गराउँदै आएका छौं ।

**» *ग्राहक सन्तुष्टि सुनिश्चित गर्न के गर्दै हुनुहुन्छ र यसमा डिजिटल बैंकिङ सेवा भूमिका कस्तो हुन्छ ?***

मलाई ग्राहक सन्तुष्टि कुनै पनि व्यवसाय वा संस्थाको सफलता मापन गर्ने प्रमुख आधार हो जस्तो लाग्छ । सन्तुष्ट ग्राहकले पुनः सेवा प्रयोग गर्छन्, अरूलाई सिफारिस गर्छन् र संस्थाको प्रतिष्ठा बढाउँछन् । त्यसैले ग्राहक सन्तुष्टिलाई सुनिश्चित गर्दै हामी छिटो र प्रभावकारी सेवा, ग्राहकसँग राम्रो व्यवहार, सुझाव र सुधार जस्ता विषयलाई प्राथमिकताका साथ हेर्ने गर्छौं ।

यसैगरी, वर्तमान समयमा ग्राहक सन्तुष्टिको कुरा गर्दा डिजिटल बैंकिङ् सेवाको भूमिकालाई बिर्सन सकिँदैन, किनकि त्यसैले संस्थाले दिने सेवालाई छिटो, सहज, सुरक्षित र सुलभ बनाएको छ । अब ग्राहकहरू शाखामा नआई पनि धेरै काम गर्न सक्छन् । हामीले ग्राहकलाई छिटो, सहज र डिजिटल सेवा दिनमा जोड दिएका छौं, यसका लागि मोबाइल बैंकिङ्, QR सेवा र अनलाइन सेवा विस्तार गरेका छौं । ग्राहक सन्तुष्टि नै हाम्रो पहिलो प्राथमिकता हो ।

**» *वर्तमान आर्थिक चुनौतीलाई सामना गर्दै प्रतिस्पर्धामा कसरी अघि बढीरहनु भएकोछ ?***

भैरहवा जस्तो तीव्ररूपमा विकास भइरहेको व्यापारिक क्षेत्रमा शाखा प्रमुखको रूपमा काम गर्दा चुनौती र प्रतिस्पर्धा दुवै उच्च हुन्छन् । यस्तो अवस्थामा म तीनवटा मुख्य कुरामा फोकस गर्छु–बजार बुझाइ, ग्राहक सम्बन्ध र टिम प्रदर्शन ।

सबैभन्दा पहिले, म स्थानीय बजारलाई राम्रोसँग अध्ययन गर्छु । भैरहवा सीमा नजिक भएकाले यहाँका व्यवसायहरू विशेषगरी ट्रेड, होटल, र साना-मझौला उद्योगहरूको आवश्यकता फरक हुन्छ । त्यसैले म ग्राहकको आवश्यकताअनुसार सेवा दिन प्राथमिकता दिन्छु ।

दोस्रो, प्रतिस्पर्धामा अगाडि बढ्नका लागि म ग्राहकसँगको सम्बन्ध बिकासमा विश्वास गर्छु । ग्राहकसँग दीर्घकालीन सम्बन्ध बनाउने, छिटो र भरपर्दो सेवा दिने, र नियमित सम्पर्कमा रहने मेरो प्राथमिकता हुन्छ । यसले ग्राहकको विश्वास जित्न र सम्बन्ध बढाउन मद्दत गर्छ ।

तेस्रो, एक बलियो टिम बिना शाखाको निर्धारित लक्ष्य प्राप्त गर्न सम्भव हुँदैन । त्यसैले, म आफ्नो टिमलाई स्पष्ट लक्ष्यका साथ उच्च प्रदर्शन गर्न प्रेरित गर्छु ।

यी सबै रणनीतिहरू प्रयोग गरेर म भैरहवा जस्तो प्रतिस्पर्धात्मक बजारमा पनि शाखालाई अगाडि लैजान लागिरहेको छु ।

**» *वित्तीय साक्षरता कार्यक्रम र सामाजिक उत्तरदायित्वमा के काम गर्दै हुनुहुन्छ ?***

वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्व बैंकिङ् सेवाको महत्वपूर्ण हिस्सा हो । यसका लागि, हामीले स्थानीय समुदायसँग सहकार्य गर्दै वित्तीय समावेशीकरण बढाउन ग्रामीण क्षेत्रका मानिसहरूलाई बैंकिङ् पहुँचमा ल्याउने, महिला समूहहरूलाई बैंकिङ्बारे जानकारी गराउने जस्ता काम गरीरहेका छौं ।

भर्खरै मात्र पनि हामीले ग्लोबल मनी विकको अवसरमा विभिन्न कार्यक्रमहरू आयोजना गरेका थियौं, जसमा विद्यालय तथा कलेजका विद्यार्थीहरूलाई बचत गर्ने बानी, बजेट बनाउने तरिका र डिजिटल बैंकिङको सुरक्षित प्रयोगबारे प्रशिक्षण दिएका थियौं । यस्ता कार्यक्रमहरूले समुदायलाई आर्थिक रूपमा सक्षम बनाउनुका साथै दीर्घकालीन रूपमा ग्राहक र संस्थाबिच विश्वास निर्माण गर्न मद्दत गर्छ ।

**» *अन्त्यमा, केही भन्न चाहानु हुन्छ ?***

आज मलाई रिलायन्स फाइनान्सको तर्फबाट आफ्नो धारणा राख्ने अवसर प्रदान गर्नुभएकोमा यहाँको सञ्चार माध्यमप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

त्यसैगरी, आगामी दिनहरूमा ग्राहकवर्गहरुको आवश्यकताअनुसार अझ सुदृढ, छिटो र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धताका साथ हाम्रा सम्पूर्ण ग्राहक वर्गप्रति म आभार व्यक्त गर्न चाहन्छु । यहाँहरूको विश्वास र साथकै कारण हामी आज यस स्थानमा पुग्न सफल भएका छौं र आउँदा दिनहरुमा पनि यस्तै साथको अपेक्षा राखेका छौं ।

# प्याब्सनद्वारा सिनपालाई ज्ञापनपत्र



भैरहवा । निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) सिद्धार्थनगर नगर समितिले विद्यालय आसपासका क्षेत्रमा बढ्दै गएको सूर्तीजन्य, मादक तथा नशाजन्य पदार्थको खुला बिक्री-वितरण रोक्न माग गर्दै सिद्धार्थनगर नगरपालिकाको ध्यानाकर्षण गराएको छ ।

बिहीबार नगरप्रमुख इस्तीयाक अह्मद खाँलाई एक ज्ञापनपत्र बुझाउँदै प्याब्सनले विद्यालयको १०० मिटर वरिपरि यस्ता हानिकारक वस्तुहरूको बिक्रीमा पूर्ण प्रतिबन्ध लगाउन र विद्यार्थीको भविष्य सुरक्षित गर्न कडा कदम चाल्न आग्रह गरेको हो ।

विशेषगरी विद्यालय वरपरका पसलहरूमा पान, गुट्खा, मदिरासँगै पछिल्लो समय भेप र हुक्का जस्ता नयाँ प्रकारका नशाजन्य वस्तुहरू सहजै उपलब्ध हुन थालेपछि विद्यार्थीको स्वास्थ्य, अनुशासन र नैतिक आचरणमा गम्भीर असर परिरहेको प्याब्सन सिद्धार्थनगरका अध्यक्ष उदयकुमार मल्लिकले बताए । विद्यालय पोसाकमै रहेका विद्यार्थीलाई समेत व्यवसायीहरूले बिनाहिचकिचाहट यस्ता वस्तु बिक्री गरिरहेको भन्दै शिक्षक र अभिभावकहरू निकै चिन्तित बनेका छन् ।

प्याब्सनले नियम उल्लंघन गर्ने व्यवसायीमाथि कडा कारबाही, नगर प्रहरीमार्फत् नियमित अनुगमन र समुदायमा जनचेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने माग राखेको छ ।

ज्ञापनपत्र बुझ्दै नगरप्रमुख इस्तीयाक अहमद खाँले यो विषय केवल प्याब्सनको माग मात्र नभई आम जनताको चासो र विद्यार्थीको भविष्यसँग जोडिएको गम्भीर मुद्दा भएको उल्लेख गरे । केही समयअघि नगरपालिकाले सुर्तीजन्य पदार्थ नियन्त्रणका लागि सुरु गरेको अभियान बीचमा केही सुस्त देखिए पनि अब यसलाई पुनः तीव्रता दिइने उनले स्पष्ट पारे । नगरप्रमुख खाँले आगामी आइतबार वा सोमबारदेखि नै विद्यालय वरपरको क्षेत्रमा कडा अनुगमन सुरु हुने जानकारी दिँदै व्यवसायीहरूलाई पनि सामाजिक उत्तरदायित्व बुझ्न आग्रह गरे ।

'रोजगारीको नाममा बालबालिकाको भविष्य र स्वास्थ्यमा खेलबाड गर्ने छुट कसैलाई छैन,' उनले भने-'नराम्रो चिजलाई प्रोत्साहन गर्न सकिँदैन, तर राम्रो व्यवसायलाई नगरपालिकाले सधैं सहयोग गर्नेछ ।'

प्याब्सनका कार्यसमिति सदस्य, सल्लाहकार र शिक्षाविद्हरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरूले सामूहिक प्रयासबाट मात्रै विद्यालय क्षेत्रलाई दुर्व्यसनमुक्त बनाउन सकिनेमा जोड दिएका थिए । नगरपालिकाले अब छिट्टै प्रभावकारी अनुगमन गरी परिणाममुखी काम गर्ने प्रतिबद्धता जनाएपछि सरोकारवालाहरूले सकारात्मक नतिजाको आशा राखेका छन् ।

# रूपन्देहीका सीमावर्ती प्रहरी युनिटमा डीआइजीको निरीक्षण

भैरहवा । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले जिल्ला प्रहरी कार्यालय रूपन्देही मातहत रहेका विभिन्न सीमावर्ती प्रहरी इकाइहरूको स्थलगत निरीक्षण तथा अनुगमन गरेका छन् । सुरक्षा व्यवस्थालाई थप चुस्त बनाउने र सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले गरिएको भ्रमणमा उनले इलाका प्रहरी कार्यालय मझगावाँसहित प्रहरी चौकीहरू बगौली, पाण्डे पिप्रहवा, मुडिला करौता र रोईनिहवाको वस्तुस्थिति बुझेका हुन् ।

निरीक्षणका क्रममा डीआइजी खत्रीले कार्यरत प्रहरी कर्मचारीहरूलाई सम्बोधन गर्दै वर्तमान समयमा देखिन सक्ने विविध सुरक्षा चुनौतीहरूको सामना गर्न सदैव तयारी अवस्थामा रहन निर्देशन दिए ।

उनले विशेषगरी खुला सिमानाका कारण हुन सक्ने अवैध चोरी-पैठारी, क्रस-बोर्डर अपराध न्यूनीकरण र सीमा सुरक्षाको प्रभावकारी व्यवस्थापनमा उच्च सतर्कता अपनाउन जोड दिए । नागरिकमैत्री प्रहरी सेवा नै संगठनको मुख्य प्राथमिकता रहेको उल्लेख गर्दै उनले आम सर्वसाधारणसँगको सम्बन्धलाई प्रगाढ बनाउँदै विपद् व्यवस्थापनका कार्यमा पनि सक्रियताका साथ खटिन आग्रह गरे ।



प्रहरीको आन्तरिक अनुशासन र व्यावसायिकतालाई प्राथमिकतामा राख्दै डीआइजी खत्रीले कर्मचारीहरूलाई पोशाकको उचित प्रयोग, नियमित ड्युटी व्यवस्थापन र उच्च मनोबलका साथ काम गर्न मार्गनिर्देशन गरे । सडक सुरक्षा र ट्राफिक व्यवस्थापनमा खटिने प्रहरीहरूको सुरक्षाका लागि रिफ्लेक्टिभ ज्याकेटलगायतका आवश्यक सुरक्षा सामग्री अनिवार्य प्रयोग गर्न र कार्यालय परिसरको सरसफाइ तथा भौतिक संरचनाको मर्मत-सम्भारमा विशेष ध्यान दिन उनले निर्देशन दिए ।

भ्रमणकै सिलसिलामा प्रदेश प्रहरी प्रमुख खत्रीले नेपाल-भारत सीमा क्षेत्रको समेत स्थलगत अवलोकन गरे । सो क्रममा उनले भारतीय सीमा सुरक्षा बल एसएसबीका अधिकारी तथा कर्मचारीहरूसँग भेटघाट गरी सीमा क्षेत्रको सुरक्षा अवस्थाबारे छलफल गरे ।

दुई देशका सुरक्षा निकायबिचको आपसी समन्वय, सूचना आदानप्रदान र सहकार्यलाई थप प्रभावकारी बनाउँदै सीमावर्ती क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न दुवै पक्ष प्रतिबद्ध हुनुपर्नेमा उनको जोड थियो । लुम्बिनी प्रदेश प्रहरीले नागरिकको सुरक्षा, कानुनी शासनको प्रत्याभूति र सुरक्षित समाज न निर्माणप्रति सदैव प्रतिबद्ध रहेको छ । निरीक्षणले अहोरात्र खटिने संकल्पलाई थप पुनर्स्थापित गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्स्योरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com